13 March 2025

आकाशवाणी

**मुख्य समाचार**

- **वेभ्स समिटको पहिलो संस्करण 1 मईदेखि मुम्बईमा आयोजना हुने**
- **इसरोले दुई उपग्रहलाई अलग गर्ने प्रक्रिया सफलतापूर्वक पूरा गऱ्यो**
- **केन्द्रीय आयुष मन्त्रीले योग महोत्सव-२०२५ को गर्नुभयो उद्धाटन**
- **श्री गोयलले कन्टेन्ट क्रिएटरहरूलाई डिजिटल राजदूतको दिनुभयो संज्ञा**
- **गृहमन्त्रीले तीन आपाराधिक कानुनहरूमाथि पूर्वोत्तरका मुख्यमन्त्रीहरूसित बैठक गर्नुहुने**
- **देशका विभिन्न भागहरूमा खुशी र उत्साहसहित रंगको पर्व होली मनाउन सुरु**
- **खेलकुद क्षेत्रमा हुने उमेर ठगीलाई रोक्न राष्ट्रिय संहिताको मस्यौदा तयार**
- **महिला प्रीमियर लीग क्रिकेटमा अहिले मुम्बई इन्डियन्स र गुजरात जायन्ट्सको भिडन्त हुँदै**

**वेभ्स-दिल्ली कार्यक्रम**

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकर अनि सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णव आज नयाँ दिल्लीमा विश्व अडियो भिजुअल तथा मनोरञ्जन शिखर सम्मेलन - वेभ्स २०२५ का सन्दर्भमा आयोजित एक कार्यक्रममा सहभागी हुनुभयो। कार्यक्रममा सूचना तथा प्रसारण राज्यमन्त्री श्री एल. मुरुगन र आयोजक राज्य महाराष्ट्रका मुख्यमन्त्री श्री देवेन्द्र फडणवीस पनि उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको उद्देश्य विश्व समुदायसम्म पुग्नु रहेको थियो। कार्यक्रममा सयभन्दा बढी राजदूत र उच्चायुक्तहरू सहभागी बनेका थिए। यस अवसरमा श्री वैष्णवले विश्व द्रुत गतिमा परिवर्तन हुँदै जाँदा दृश्य, श्रव्य र मनोरञ्जनको स्वरूप पनि परिवर्तन भइरहेको बताउनु भयो। उहाँले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सामग्री सिर्जनकर्ताहरूको लागि प्लेटफर्मको सुझाउ दिनु भएको छ। वेभ्स समिटको पहिलो संस्करण 1 मईदेखि ४ मईसम्म मुम्बईमा आयोजना हुनेछ।

**इसरो- अन्तरिक्ष डकिङ**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन इसरोले अन्तरिक्ष डकिङ प्रयोग अभियान अन्तर्गत दुई उपग्रहहरू अलग गर्ने प्रक्रिया सफलतापूर्वक पूरा गरेको छ। यो अन्तरिक्षको क्षेत्रमा देशको एउटा महत्त्वपूर्ण उपलब्धि हो। केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री श्री जितेन्द्र सिंहले यस सफलताको लागि वैज्ञानिकहरूलाई बधाई दिनु भएको छ। उहाँले यो सफलताले भारतीय अन्तरिक्ष स्टेशन, चन्द्रयान-चार र गगनयान लगायत भविष्यका महत्वाकांक्षी परियोजनाहरूको सहज सञ्चालनको लागि मार्ग प्रशस्त गर्ने बताउनु भएको छ।

**अन्तर्राष्ट्रिय योग दिवस**

21 जुनमा मनाइने अन्तर्राष्ट्रिय योग दिवस आउन अब १०० दिन मात्र बाँकी रहेको छ। यसको तयारीको सन्दर्भमा, केन्द्रीय आयुष मन्त्री श्री प्रतापराव जाधवले आज नयाँ दिल्लीमा योग महोत्सव-२०२५ को उद्धाटन गर्नुभयो। यस अवसरमा उहाँले आगामी सय दिनमा देशका विभिन्न भागमा दशवटा महत्त्वपूर्ण कार्यक्रम आयोजना गरिने बताउनु भयो। यी कार्यक्रमहरूमा स्थानीय मानिसहरूलाई समावेश गरिनेछ। एक दिन योग गर्नाले केही फाइदा हुँदैन, मानिसहरूले हरेक दिन योग गर्नुपर्छ भन्दै यसका लागि पञ्चायत र नगर निगमका सबै खुला मैदानहरू योगका लागि आरक्षित गरिने उहाँले बताउनु भयो।

## गोयल- डिजिटल क्रिएटर्स

वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले सामग्री सिर्जनकर्ता कन्टेन्ट क्रिएटरहरूलाई देशको डिजिटल राजदूतको संज्ञा दिनु भएको छ। आज नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा बोल्दै श्री गोयलले जिम्मेवार सामग्री, नयाँ कथन, सीप विकास र भारतीय रचनात्मकताको निर्यात रचनात्मक उद्योगका चार प्रमुख पक्षहरू भएको बताउनु भयो। उहाँले देशमा सिर्जनात्मक क्षेत्रमा रहेको अपार अवसरहरूबारे बताउँदै यो उद्योग पहिले नै अरबौं डलरको क्षेत्र बनिसकेको छ भन्नुभयो। उहाँले यो उद्योगले देशभर ठूलो संख्यामा मानिसहरूलाई रोजगारी प्रदान गरिरहेको बताउनुभयो। श्री गोयलले मानिसहरूलाई विचार र प्रविधिहरू विकास गर्न सहयोग गर्ने सरकारको भूमिका दोहोऱ्याउनु भयो। उहाँले रचनात्मकता, श्रव्य-दृश्य कला र सामग्री उत्पादनको क्षेत्रमा अन्तर्राष्ट्रिय समुदायसँग देशको बढ्दो संलग्नतामाथि पनि प्रकाश पार्नुभयो।

## अमित शाह-असम

केन्द्रीय गृहमन्त्री श्री अमित शाह १४ देखि १६ मार्चसम्म असमको भ्रमणमा रहनु हुनेछ। असम भ्रमणको क्रममा, श्री शाहले अखिल बोडो विद्यार्थी संघको वार्षिक सम्मेलन सहित धेरै कार्यक्रमहरूमा सहभागिता जनाउनु हुनेछ। यस क्रममा, उहाँले १५ मार्चको दिन एक दिन मिजोरम भ्रमण गर्नुहुनेछ। त्यहाँ देशको सबैभन्दा पुरानो अर्धसैनिक बल असम राइफल्सको अड्डा आइजोलबाट जोखाभसाङमा स्थानान्तरण गर्ने समारोहमा सहभागी बन्नुहुनेछ। जोखाभसाङ परिसरको उद्घाटन अप्रेल २०२३ मा श्री शाहले गर्नुभएको थियो। मिजोरम सरकार र आसाम राइफल्सले गत वर्ष 23 अक्टोबरमा असम राइफल्सको अड्डालाई आइजोलबाट जोखाभसाङ बटालियन परिसरमा सार्ने सम्झौतामा हस्ताक्षर गरेका थिए। समारोह पछि, गृहमन्त्री सोही दिन गुवाहाटी फर्किनु हुनेछ।

गृहमन्त्रीले 16 मार्चको दिन गुवाहाटीमा तीन नयाँ आपाराधिक कानूनका बारेमा पूर्वोत्तर राज्यका मुख्यमन्त्रीहरूसँग बैठक गर्नु हुनेछ।

## अमित-शाह-विकास परियोजना

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज गुजरातको गान्धीनगरमा १४६ करोड रुपियाँका विभिन्न विकास परियोजनाहरूको भर्चुअल रूपमा उद्घाटनसहित शिलान्यास गर्नुभयो। यी परियोजनाहरू रेलवे, सडक र स्वास्थ्य सेवासँग सम्बन्धित छन्।

## सिक्किम कार्यशाला

सिक्किमको सूचना तथा जनसम्पर्क विभागले आज औपचारिक रिपोर्टिङ अनि जनसंवादमाथि राजधानी गान्तोकमा एक दिवसीय कार्यशालाको आयोजना गऱ्यो। कार्यशालामा विभागकी सचिव श्रीमती अन्नपूर्णा आले, पत्र सूचना कार्यालय गान्तोकका सहायक निर्देशक श्री मानस प्रतिम शर्मा, आकाशवाणी गान्तोककी समाचार वाचिका श्रीमती उषा शर्मा लगायत पत्रकार श्री पेमा वाङ्चुकले प्रशिक्षणार्थीहरूलाई तालिम प्रदान गर्नुभयो।

## होली

देशका विभिन्न भागहरूमा खुशी र उत्साहसहित रंगको पर्व होली सुरु भएको छ। होलीको पूर्वसन्ध्यामा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू, उपराष्ट्रपति श्री जगदीप धनखड अनि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीहरूलाई शुभकामना दिनु भएको छ। विभिन्न ठाउँमा होली पर्व आ-आफ्नै तरिका र परसम्परासहित पालन गरिन्छ। उत्तर प्रदेशको नन्दगाउँका मानिसहरू भगवान कृष्ण र गोठालाहरूको भेषमा होली खेल्न बरसानामा भेला हुन्छन्। तमिलनाडुमा भगवान विष्णुका मन्दिरहरूमा तीर्थाटन आयोजना गरिन्छ। रंगको पर्व होलीको लागि दिल्लीवासीहरू उत्साह र उमंगले भरिएका छन्। होलीका सामग्रीहरू किन्न दोकानहरूमा मानिसहरूको भीड लागेको छ। आज साँझ असत्यमाथि सत्यको विजयको प्रतीक होलिका दहन पालन गरिँदैछ।

**खेलकुद उमेर ठगी मस्यौदा**

युवा मामिला तथा खेलकुद मन्त्रालयले खेलकुद क्षेत्रमा हुने उमेर ठगीलाई रोक्न राष्ट्रिय संहिता २०२५ को मस्यौदा तयार गरेको छ। यसका निम्ति मन्त्रालयले जनता र सरोकारवालाहरूबाट प्रतिक्रिया र सुझाउ मागेको छ। यसको उद्देश्य उमेरको जालसाजीलाई रोक्नु अनि वास्तविक खेलाडीहरूको सुरक्षा सुनिश्चित गर्नु रहेको छ। यसले उमेर रेकर्ड हेरफेर गरेकोमा दोषी पाइएका खेलाडी, प्रशिक्षक र अधिकारीहरूलाई कडा सजाय दिनेछ। सरोकारवाला र आम जनताले 31 मार्चसम्ममा आफ्नो सुझाउ मन्त्रालयलाई दिन सक्नेछन्।

**विशेष ओलम्पिक**

विशेष ओलम्पिक विश्व शीतकालीन खेलको दोस्रो दिन भारतले दुई स्वर्ण, दुई रजत अनि एक कांस्यसहित कुल पाँच पदक जितेको छ। भारतीय टीमले अहिलेसम्म कुल नौ पदक जितेको छ।

**महिला क्रिकेट**

अहिले मुम्बईमा महिला प्रीमियर लीग क्रिकेटको एलिमिनेटर म्याचमा मुम्बई इन्डियन्स र गुजरात जायन्ट्सको भिडन्त शुरु भएको छ। विजेता टीमले शनिवार फाइनलमा दिल्ली कैपिटल्ससित खेल्नेछ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **वेभ्स समिटको पहिलो संस्करण 1 मईदेखि मुम्बईमा आयोजना हुने**
- **इसरोले दुई उपग्रहलाई अलग गर्ने प्रक्रिया सफलतापूर्वक पूरा गऱ्यो**
- **केन्द्रीय आयुष मन्त्रीले योग महोत्सव-२०२५ को गर्नुभयो उद्घाटन**
- **श्री गोयलले कन्टेन्ट क्रिएटरहरूलाई डिजिटल राजदूतको दिनुभयो संज्ञा**
- **गृहमन्त्रीले तीन आपाराधिक कानुनहरूमाथि पूर्वोत्तरका मुख्यमन्त्रीहरूसित बैठक गर्नुहुने**
- **देशका विभिन्न भागहरूमा खुशी र उत्साहसहित रंगको पर्व होली मनाउन सुरु**
- **खेलकुद क्षेत्रमा हुने उमेर ठगीलाई रोक्न राष्ट्रिय संहिताको मस्यौदा तयार**
- **महिला प्रीमियर लीग क्रिकेटमा अहिले मुम्बई इन्डियन्स र गुजरात जायन्ट्सको भिडन्त हुँदै**